# भीमेश्वर नगरपालिका

## बागमती प्रदेश ३, नेपाल

## लैङ्गिक हिंसा निवारण कोष संञ्चालन कार्यबिधि,२०७७

भीमेश्वर नगरकार्यपालिकाको मिति २०७७/९/२५ मा भएको बैठकबाट स्वीकृत

भीमेश्वर नगरकार्यपालिकाको कार्यालय,चरिकोट,दोलखा,

# आपत्कालिन एवं जोखिम अवस्थामा रहेका महिलाहरुको संरक्षणका लागि भीमेश्वर नगरपालिकाबाट जारी गरिएको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि - २०७७

**प्रस्तावना** :- नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक, सुरक्षत मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्दान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूति गराएको छ । महिला,बालबालिका तथा ज्येष्ठनागरीक मन्त्रालयबाट जारी **लैङ्गिक हिंसा निवारण कोष ( संचालन) (दोस्रो संशोधन ) नियमावली, २०७६** को उपनियम ३ ख मा उल्लेखित **स्थानीय लैङ्गिक हिंसा निवारण कोष** स्थापना गरीलैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्दार, राहत तथा पुर्नस्थापना गनु पर्ने व्यवस्था गरिएको छ । सो अनुरुप स्थानिय सरकार समेतका लागि भीमेश्वर नगरपालिका, संघ तथा प्रदेश सरकारका साथै विभिन्न दातृ-संस्थाहरूबाट प्राप्त रकमसमेतबाट कोष स्थापना गरी प्रभावकारी ढङ्गबाट परिचालन गर्ने व्यवस्था मिलाउनु वाञ्छनीय भएकाले,

भीमेश्वर नगरपालिकाबाट मिति २०७५/१/८ जारी प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको २०७७/९/२६ मा बसेको बैठकबाट **लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि - २०७७** कार्यविधि पारित गरिएको छ ।

## प्रारम्भिक

१.<u>सक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम **"स्थानीयलैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि , २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.<u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) **"समिति"** भन्नाले दफा ६ बमोजिमको समिति सम्झनुपर्दछ ।

(ख) **"कोष"** भन्नाले दफा ४ बमोजिम स्थापना गरिएको **स्थानीय लैङ्गिक हिंसा निवारण कोष** सम्झनुपर्दछ ।

(ग ) **"पीडित"** भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) **" लैङ्गिक हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

(ङ) **"मन्त्रालय"** भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ

(च) **"प्रदेश मन्त्रालय"** भन्नाले बागमती प्रदेश सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

(छ) "**नगरपालिका**" भन्नाले भीमेश्वर नगरपालिका सम्झनुपर्दछ ।

(ज) "**कार्यालय**" भन्नाले भीमेश्वर नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

**३. कोषको उद्देश्य** : यस कोषलैगिंक हिंसा निवारणका उद्देश्य देहाय बमोजिम रहने छन ।

क) जोखिम अवस्थामा रहेका महिलाहरुको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका महिलाहरूलाई राहत (आधारभुत आवश्यकता सहित) उपलब्ध गराउने,

ग) जोखिममा रहेका महिलाहरुलाई पारिवारिक पुनर्स्थापना गर्ने,

घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका र पढ्न इच्छुक महिलाहरुलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ,

च) जोखिम अवस्थामा रहेका महिलाहरूको अधिकार संरक्षण र सम्वर्द्धनको सुनिश्चितता गर्ने,

## परिच्छेद २

## कोष स्थापना, उपयोग , संचालन तथा व्यवस्थापन

**४. कोषको स्थापनाः-**

(१) नगरपालिकामा एक **स्थानीय लैङ्गिक हिंसा निवारण कोष** रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छ :-

(क) नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा कोषका लागि विनियोजन गरिएको रकम ।

(ख) नेपाल सरकारबाट उपलब्ध गराइएको रकम ।

(ग) प्रदेश सरकारबाट उपलब्ध गराइएको रकम ।

(घ) कुनै आयोजना विशेष वा नेपाल सरकारको स्वीकृतिमा दातृ-निकायबाट उपलब्ध गराइएको रकम ।

(ङ) नेपाल सरकारको स्वीकृतिमा विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ ,संस्था वा सरकार बाट प्राप्त रकम ।

(च) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम ।

(छ) अन्य कुनै स्रोत बाट प्राप्त रकम ।

**५.कोषको उपयोग** :(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिने छ ।

(क) तत्काल उद्दार गर्न ।
(ख) औषधि उपचार गर्न ।
(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउन ।
(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न ।

प्रमुख प्रशासकीय अधिकृत

(ङ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदान प्रदान गर्न ।

(च) पुर्नस्थापना गराउन, ।

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आद्रेश बमोजिमको रकम पीडितलाई क्षतिपुर्ति स्वरुप भराउन लेखि आएमा ।

(ज) पीडितका लागि समितिले तोके बमोजिमका अन्य कार्यका लागि ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्ने छ ।

**६. स्थानिय तत्काल उद्दार तथा राहत समितिको गठन :**

कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहायको तत्कालउद्धार तथा राहतसमिति रहनेछ ।

**क) नगर स्तरीय समिति**

क) उप-प्रमुख, भीमेश्वर नगरपालिका — अध्यक्ष

ख) संयोजक - सामाजिकविकास समिति " " — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत " " — सदस्य

घ) सामाजिक बिकास शाखा प्रमुख " " — सदस्य

ङ) लैङ्गिक हिंसा निवारण का क्षेत्रमा कार्यरत संस्थामध्येबाट समितिले तोकेको संस्थाको प्रतिनिधि १ सदस्य

च) लैङ्गिक समानता तथा समाजिक समावेसीकरण सर्म्पक व्यक्ति — सदस्य-सचिव

**आमन्त्रीत गर्नहुने** :- भीमेश्वर नगरपालिका नगरप्रमुख ,कानून व्यक्ति,प्रहरी र सम्वन्धित क्षेत्रमा कियाशिल संघ,संस्था

(२)उपदफा १ (छ ) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(३) समितिको सचिवालय नगरपालिकामा रहने छ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. आपतकालिन एवं जोखिम अवस्थाका महिलाहरु देहायका अन्तर्गत पर्दछन् ।**

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

२) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित,

४) अपाङ्गता भएका,

५) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका,

६) हिंसाबाट प्रभावित एवं पिडित भएका,

७) हराएको वा बेवारिसे अवस्थामा फेला परेका,

८) अपहरण वा शरीर बन्धकमा परेका, वा जबर्जस्ति श्रममा लगाई पीडित भएका,

९) हिंसाको कारण घरबाट निकालीएका महिलाहरु,

१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,

११) सुस्त मनस्थिति भएका,

१३) सडक पेटीमा अलपत्र परेका वेवारिसे महिलाहरु,

१४) एच.आई.भि संक्रमित तथा प्रभावित भएका,

१५) आपतकालिन अवस्थामा रहेको महिलाहरु ।

१६. कोही नभएका र केही नभएका महिलाहरु

प्रमुख प्रशासकीय अधिकृत

१७. एकल महिलाहरु ( सम्वन्ध विच्छेद भएका,विधवा,३५ वर्ष उमेर सम्म पनि विवाह नगरी एक्लै बसेका सामाजिक एवं आर्थिक रुपमा विपन्न महिलाहरु )

## ८. समितिको काम, कर्तव्य र अधिकार

( १ ) समितिको काम कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पीडितको तत्काल उद्धार, राहत र पुर्नस्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको समबन्धमा अनुगमन गर्ने गराउने ।

(ग) केन्द्रिय तत्काल उद्धार तथा राहत समिति, प्रदेश, तत्काल उद्धार तथा राहत समिति संग समन्वय गर्ने ।

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत संघ, संस्था निकाय बीच समन्वय सहकार्यमाविविधकार्यकम संचालन गर्ने ।

(ङ) कोष वृद्धिका लागि श्रोतको खोजी ।

(च) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने ।

**९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** : यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउंदा देहायको आधारमा देहायको रकममा नबढने गरि उपलब्ध गराइने छ ।

(क)पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खानाखर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सयको दरले बढीमा पाँच हजार रुपैयाँ ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च । पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानूनी सहायता मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

(घ) कुनै व्यवसाय वा स्वरोजगारको लागि प्रस्ताव सहित मांग भएमा व्यवसाय स्थापना खर्च अनुदान ( वस्तुगत वा नगद) बढीमा (३०,०००। -तीस हजार ) रुपैयाँ ।

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ ।

(च) समितिले तोकेबमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढिमा १०,००० (दस हजार ) रुपैयाँ,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा पुनः निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा समितिले त्यस्तो पीडितलाई २००० ( दुई हजार ) रुपैयाँमा नबढ्ने गरि मनासिब रकम थप गरि दिन सक्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

**१० .राहत तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रकृया :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकार वाला व्यक्तिले मनासिब कारण खुलाई अनुसुचि १ को ढांचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) निवेदनजांचबुझ गर्दा राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले दफा (६) को अधीनमा रहि पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

(३)कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि जलाइएको, एसिड प्रयोग गरि वा छर्किइ वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाइ उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत लगायतको प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र तत्काल समितिको बैठक बस्ने अवस्था नरहेमा समितिका अध्यक्षले आवश्यकता र औचित्यका आधारमा समितिबाट पछि अनुमोदन हुने गरि मनासिब रकम कोष बाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ४

## वित्तीय व्यवस्थापन

**११. कोषको खाता संचालन** : (१) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालनहुनेछ । उपदफा ( १ ) बमोजिमको कोषको रकम " क" वर्गको वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गरिने छ ।

**१२.लेखा तथा अभिलेख** :(१) कोषको आय व्ययको लेखा प्रचलित कानून लेखा प्रणाली बमोजिम राखिने छ ।

(२) शाखाले कोषको स्रोत तथा उपयोगको हिसाव देखिने गरी स्थायी किताब खडा गरी चौमासिक तथा वार्षिक रूपमा अद्यावधिक गरिएको हिसाव आर्थिक प्रशासन शाखाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वा तोकेको अधिकृत बाट प्रमाणित गराइराख्नुपर्दछ ।

(३)समितिले कोषसँग सम्वन्धित अन्य अभिलेखसमेतराख्नुपर्ने गरी शाखालाई तोक्न सक्नेछ ।

**१३. कोषको रकम अन्य प्रयोजनमा खर्च गर्न नसकिने** : ( १ ) कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा ( १) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको सचिवालय तथा बैठक संचालन खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**१४.प्रगति प्रतिवेदन :**

(१)समितिबाट भए गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र शाखालेनगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।साथै सो प्रतिवेदन केन्द्रिय तत्काल उद्धार तथा राहत समिति तथा प्रदेश तत्काल उद्धार तथा राहत समितिमा पठाउन पर्नेछ ।
(२) नगरपालिकाले (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१५.कोषको लेखा परीक्षण**: ( १ ) कोषको आय व्ययको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखा बाट गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

**१६. कोषको रकम फ्रिज नहुने :**
प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभएर आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७. सञ्चालक समितिको बैठक :**
आपतकालिन अवस्थाका महिलाहरूको संरक्षणको लागि नगरपालिकाकार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकताा अनुसार बस्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक गरी राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क शाखा नगरपालिकाकाको कार्यालयमा रहनेछ ।

## परिच्छेद ५

## विविध

१४. समितिले यो कार्यविधिमा उल्लिखित कार्यहरूका अतिरिक्त यो कार्यविधिमा व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक आधार तथा प्रक्रियाहरू निर्धारण गर्न सक्नेछ ।

**१५. बाधा, अड्काउ फुकाउने :** यो कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा, अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तोबाधा, अड्काउ फुकाउन सक्नेछ ।

## अनुसुचि १

### लैगिंक हिंसा निवारण कोषवाट रकम दिदांको भरपाई

भरपांई दादै म ................................जिल्ला भीमेश्वर नगरपालिका वडा नं.... वस्ने श्री

.........................                ..................................

का...............................छोरा/छोरी/श्रीमतिं......................वर्ष........को.......................श्र

ी                ......................................लेंमेरो..........................................

..................................  ...........समस्या को कारणले रकम रु...............

..................लैगिंक हिंसा निवारणकोषबाट बुझीलिई यो भर्पाई गरिदिए ।

इतिसम्वत्.........साल ........महिना ........गते .......रोजमा शुभम् ।

सेवाग्राही

औंठाको छाप

| दायां | बायां |
|---|---|
| | |

नाम थर:

ठेगाना :

सहि:–

मिति :-

साक्षिहरु/रोहवर

१.

२.